नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५ {५६३१३३ ५६३१०७ ५६३१०९}

पत्र संख्याः- २०८३/८४

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तनहुँ

मितिः- २०८३।०६।२९

**चाडपर्व मनाउने सम्बन्धी जिल्लावासीहरुमा अनुरोध ।।**

नेपालीहरुको महान पर्व विजयादशमी, शुभ-दिपावली, नेपाल सम्वत तथा छठको अवसरमा समस्त तनहुँ जिल्लावासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा जिल्ला प्रशासन कार्यालय, तनहुँको तर्फबाट सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं । उल्लेखित चाडपर्वहरु परम्परा अनुसार सामाजिक एवं सांस्कृतिक पहिचान तथा समन्वयका साथ तथा प्रचलित कानूनको पालना गर्दै मनाउनुहुन सबैमा अनुरोध छ। चार्डपर्वहरुमा कसैको इच्छा, चाहना विरुद्धका क्रियाकलाप गर्ने र समाजमा कानून विपरितका कार्य गर्ने प्रवृत्तिलाई नियमन तथा नियन्त्रण गरी खुसीयालीपूर्वक चाडपर्व मनाउनको लागि शान्ति सुरक्षा एवम् अमनचयन कायम गर्न देहाय बमोजिम गर्नु/गराउनुहुन जिल्लावासीहरुमा **जिल्ला प्रशासन कार्यालय, तनहुँ** हार्दिक अनुरोध गर्दछ।

१. चाडपर्वहरु मौलिक परम्परा संस्कृतिको संरक्षण गर्दै, धार्मिक सहिष्णुता र समन्वय कायम गर्दै प्रचलित कानूनको परिपालना गरी मनाउनुहुन ।

२. चाडपर्वमा हुन सक्ने चोरी, लुटपाट तथा अवाञ्छित गतिविधि न्यूनीकरण गर्न आ-आफ्नो धन सम्पत्तिको सुरक्षामा विशेष ध्यानदिनुहुन साथै यस्ता गतिविधि नियन्त्रणका लागि राजमार्ग, मुख्य सडक तथा भीडभाड हुने स्थानहरुमा सुरक्षा गस्तिको व्यवस्था मिलाईएको ।

३. भाडाका सवारी साधनले बढी भाडा असुल गर्ने, ओभरलोड बोक्ने वा मादक पदार्थ/लागू पदार्थ सेवन गरी सवारी चलाउने कार्य नगर्नु नगराउनुहुन साथै यस्ता कार्य रोक्न छड्के निरीक्षण गरिनुका साथै यात्रुको सहजीकरणका लागि यात्रु सहायता कक्षको व्यवस्था गरिएको छ, कुनै सहयोग आवश्यक परेमा वा कुनै गुनासो भएमा यात्रु सहायता कक्षमा सम्पर्क गर्नुहुन ।

४. व्यवसायीहरुले आफ्नो व्यवसायिक मर्यादा अनुसार वस्तु तथा सेवाको वितरण गर्नुहुनेछ। नागरिकका लागि अत्यावश्यक वस्तु तथा सेवाहरु जस्तै खाद्यान्न, इन्धन तथा ग्याँसको कृत्रिम अभाव, कालोबजारी, अस्वभाविक मूल्यबृद्धि र गुणस्तरहीन खाद्य वस्तुको विक्री वितरण गर्ने जस्ता गैर कानूनी कार्य नगर्ने/नगराउने, चाडबाडको समयमा व्यवसायिक मर्यादा विपरीतका गतिविधि कहीं कतै भएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।

५. जिल्लास्थित सबै कार्यालयहरु संघ, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थान तथा पब्लिक लिमिटेड कम्पनीहरुले चाडवाड विदामा पर्याप्त सुरक्षा प्रबन्ध सहितको पालो पहराको व्यवस्था गर्ने।

६. वस्तु तथा सेवाको आपूर्ति, स्वास्थ्य, खानेपानी, विद्युत, टेलिफोनसँग सम्बन्धित अत्यावश्यक सेवा प्रदान गर्ने निकायहरुले सेवा निरन्तर गर्ने, यसका लागि जिल्लामा उपलब्ध जनशक्ति, स्रोत साधन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, स्काभेटर, इन्धन आदि तयारी अवस्थामा राख्ने ।

७.चाडपर्व मनाउने क्रममा जुवातास नखेल्न, सार्वजनिक स्थानमा मदिरा सेवन गरी होहल्ला नगर्न, मादक पदार्थ/लागू पदार्थ सेवन गरी कानून विपरितका कार्य नगर्न तथा पटका र आतसबाजी जस्ता जोखिमयुक्त विष्फोटक वस्तुको प्रयोग नगर्नु/नगराउनुहुन।

८. अनलाइन सपिङ, गैर कानूनी चिठ्ठा वा सामाजिक संजाल मार्फत आउने अपरिचित अफर/ स्क्यामहरुबाट सतर्क रहनुहुन।

यस अनुरोध विपरितको कार्य कोही कसैबाट गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ। यदि कहीं कतैबाट उपरोक्त विपरितका कार्य गरे/गराएको थाहा भएमा नजिकको सुरक्षा निकाय/प्रहरी नियन्त्रण कक्ष (१००) वा जिल्ला आपत्कालिन संचालन केन्द्र(१२३४) मा जानकारी गराउनुहुन समेत अनुरोध गरिन्छ।

(राजेन्द्र शर्मा)
प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशिल प्रशासन: विकास, समृद्धि र सुशासन"

प्रशासकीय अधिकृत